नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प.स.:

च.न.:

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२।०६।३० को निर्णय अनुसार नेपाल सरकार तथा गणतन्त्र भारत सरकारबिच फौजदारी विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौता (Agreement between the Government of Nepal and the Government of the Republic of India on Mutual Legal Assistance in Criminal Matters) मा आज मिति २०८२।११।०५ (१७ फेब्रुअरी २०२६) मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौंमा नेपाल सरकार र भारत सरकारबिच हस्ताक्षर सम्पन्न भएको छ।

उक्त सम्झौतामा नेपाल सरकारका तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री विनोद कुमार भट्टराईले र भारत सरकारका तर्फबाट नेपालका लागि महामहिम भारतीय राजदूत श्री नवीन श्रीवास्तवले हस्ताक्षर गर्नुभएको छ। सो समारोहमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अनिलकुमार सिन्हा, मन्त्रालयका सचिव श्री पाराश्वर ढुङ्गाना तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो।

उक्त सम्झौता फौजदारी विषयमा दुई मुलुकबिच पारस्परिक कानूनी सहायता आदानप्रदान गर्ने उद्देश्यले सम्पन्न गरिएको हो। सो सम्झौताले फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाहीका क्रममा प्रमाण सङ्कलन तथा आदानप्रदान लगायतका विषयमा दुवै मुलुकका सक्षम अधिकारीबिच सहयोग आदानप्रदान गर्नको लागि विधिवत् मार्ग प्रसस्त गर्नेछ।

उक्त सम्झौताले विधिको शासन सुदृढीकरण गर्न तथा न्याय प्रशासनमा संस्थागत समन्वय अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ। यस सम्झौताको कार्यान्वयनसँगै दुवै देशका केन्द्रीय अधिकारीहरूबिच सहकार्य अझ सबल एवं परिणाममुखी हुने अपेक्षा गरिएको छ। उक्त सम्झौता नेपालमा हुने वित्तीय अपराध न्यूनीकरण गर्न तथा अनुसन्धान, अभियोजन र न्याय निरूपणलाई थप प्रभावकारी बनाउन कोशेढुङ्गा सावित हुनेछ र यसले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धी पारस्परिक मूल्याङ्कनमा समेत थप मद्दत पुऱ्याउनेछ।

मितिः २०८२।११।०५
ने.सं. ११४६ सिल्लागा आमै

(दलबहादुर अधिकारी)
प्रवक्ता एवं सहसचिव

सिंहदरबार, काठमाण्डौं
फोन : ०१-४२११८७२, ४२११९७४, ४२११९८७, ईमेलः infolaw@moljpa.gov.np
website : www.moljpa.gov.np